# कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमता

सूर्यमाया लामा

परीक्षा क्रमाङ्क : ७२२८११५

त्रि.वि. दर्ता क्रमाङ्क : ९-२-८८७-१०-२०१२

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षाअन्तर्गत
स्नातकोत्तर तह, चौथो सत्रको नेपाशि. ५४४ पाठ्यांशको
प्रयोजनका लागि प्रस्तुत

**शोधपत्र**

नेपाली भाषा शिक्षा विभाग

शिक्षाशास्त्र केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौँ

२०७५

## प्रतिबद्धता पत्र

*कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमता* शीर्षकमा शोधपत्र तयार पार्दा प्रयोग उपयोगमा ल्याएका शोध प्रतिवेदनभित्रका सामग्रीहरू नितान्त मौलिक हुन् । प्रस्तुत शोधपत्रमा आवश्यकताअनुसार स्रोत खुलाएर वाक्यांश तथा वाक्यहरू साभार गरिएको छ । यस शोधपत्रका अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका छैनन् । अतः यो शोधपत्र नितान्त मौलिक भएको प्रतिवद्धता व्यक्त गर्दछु ।

.......................

शोधार्थी

सूर्यमाया लामा

मिति : २०७५/१२/१४

# शोधनिर्देशकको सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह चौथो सत्रकी छात्रा सूर्यमाया लामाले *कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमता* शीर्षकको शोधपत्र मेरो निर्देशनमा रहेर तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

................................
उपप्रा.डा. केशव भुसाल
शोधनिर्देशक
शिक्षाशास्त्र सङ्काय
नेपाली भाषा शिक्षा विभाग
त्रि.वि., कीर्तिपुर

मिति : २०७६/०१/०२
April 15, 2019

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सत्रको नेपा.शि. ५४४ पाठ्यांशको आवश्यकता पूर्तिका लागि छात्रा सूर्यमाया लामाद्वारा *कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमता* शीर्षकमा तयार गरिएको यो शोधपत्र स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

### शोध मूल्याङ्कन समिति

| | | |
|---|---|---|
| १. | प्रा.डा. रामप्रसाद भट्टराई (विभागीय प्रमुख) | ......................... |
| २. | प्रा.डा. शर्वराज आचार्य (शोधविशेषज्ञ) | ......................... |
| ३. | उपप्रा.डा. केशव भुसाल (शोधनिर्देशक) | ......................... |

मिति : २०७६/०१/२४

May 7, 2019

# कृतज्ञताज्ञापन

शोधकार्य एक आफैंमा गहन र जटिल विषय हो । यो कार्य सम्पन्न गर्नका लागि कठोर परिश्रम तथा धैर्यको आवश्यकता पर्ने कुरा यस अनुसन्धानका क्रममा थाहा भएको छ । प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ तयार पारेकी हुँ । शोधपत्रको लागि प्रस्तावना तयार गर्ने कार्यदेखि सामग्री निर्माण, तथ्याङ्क सङ्कलन, विश्लेषण तथा परिमार्जन गरी अन्तिम रूप दिनका निम्ति आफ्नो अमूल्य समय खर्चेर मलाई समय दिनुहुने शोधनिर्देशक श्रद्धेय गुरु उपप्रा.डा केशव भुसालप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । उहाँको निरन्तर उत्साहवर्द्धक प्रेरणा, कुशल निर्देशन तथा महत्त्वपूर्ण सुझाबको कारण यो अध्ययन सार्थक भएकाले यसको प्रथम श्रेय उहाँलाई नै दिँदै हार्दिक आभार समेत व्यक्त गर्न चाहन्छु ।

प्रस्तुत शोधपत्रका लागि समयमा नै मेरो शोधप्रस्ताव स्वीकार गरी अध्ययन कार्य थालनी गर्न सहयोग पुऱ्याउने विभागीय प्रमुख प्रा.डा. रामप्रसाद भट्टराई लगायत समस्त नेपाली भाषा शिक्षा विभागप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । मेरो अध्ययनलाई आजको अवस्थासम्म पुऱ्याउन सदैव स्नेह, आशीर्वाद, सुझाब, सल्लाह र आवश्यक सहयोग गर्ने मेरा आमा, बुवाप्रति म आजीवन ऋणी छु ।

प्रस्तुत अध्ययनका क्रममा विभिन्न विद्वान्हरूका विचार र भनाइहरूले अनुसन्धानमा सहजता प्राप्त भएकाले उहाँहरूप्रति समेत हार्दिक आभार व्यक्त गर्न चाहन्छु । प्रस्तुत शोधपत्रको लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्रममा सहयोग पुऱ्याउनु हुने सम्बन्धित विद्यालयहरूका प्रधानाध्यापकहरू, शिक्षकहरू तथा विद्यार्थीहरूलाई विशेष रूपमा धन्यवाद दिन चाहन्छु । प्रस्तुत शोधपत्रलाई पूर्ण आकार दिनका लागि मेरा आदरणीय गुरुवर्ग, आफन्तजन इष्टमित्र तथा साथीहरूबाट प्राप्त सल्लाह, सुझाब र हौसलाले महत्त्वपूर्ण सहयोग प्राप्त भयो । यसका लागि म

उहाँहरूप्रति हार्दिक धन्यवाद दिन चाहन्छु । अध्ययन अनुसन्धान विश्लेषण तथा प्राविधिक पक्षका सम्बन्धमा यसमा केही कमीकमजोरी भएको भए त्यसलाई विनम्रतापूर्वक स्वीकार गर्दछु । शोधपत्र टाइप गरी सहयोग पुऱ्याउनु भएकोमा 'जी' कम्प्युटर सेन्टरलाई विशेष धन्यवाद दिन चाहन्छु । अन्त्यमा प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि नेपाली भाषा शिक्षा विभाग समक्ष प्रस्तुत गर्दछु ।


सूर्यमाया लामा

नेपाली भाषा शिक्षा विभाग

त्रि.वि., कीर्तिपुर

## शोधसार

प्रस्तुत शोध कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमता पहिचानमा आधारित रहेको छ । यस शोधमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन सम्बन्धी परीक्षा लिई प्राप्त नतिजालाई विश्लेषण गरिएको छ । कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमता अध्ययन गर्नु, विद्यालय प्रकृति, लैङ्गिकता र भाषिक पृष्ठभूमिका आधारमा उक्त विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलना गर्नु प्रस्तुत अध्ययनको उद्देश्य रहेका छन् ।

सङ्कलन गरिएका सामग्री विश्लेषण गर्दा तथ्याङ्क सङ्ख्यामा आएको हुनाले प्रस्तुत अनुसन्धान परिमाणात्मक अनुसन्धानमा आधारित रहेको छ । यस अध्ययनमा मूलतः क्षेत्रीय तथा सर्वेक्षण विधिको प्रयोग गरी सामग्रीहरू सङ्कलन गरिएको छ । यस क्रममा सम्भावना नमुना छनोटअन्तर्गत पनि चिट्ठा प्रणालीको प्रयोग गरिएको छ । सामुदायिक विद्यालयका ४० र संस्थागत विद्यालयका ४० गरी जम्मा ८० जना विद्यार्थीलाई नमुनाको रूपमा छनोट गरिएको छ । जसमा छात्र/छात्रा र नेपाली पहिलो भाषी/नेपाली दोस्रो भाषी विद्यार्थी पनि समान रूपमा छनोट गरिएको छ ।

प्रस्तुत अध्ययनबाट कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताबारे विविध तथ्यहरू प्राप्त भएका छन् । यस अध्ययनका आधारमा वाक्यगठनमा आधारभूत तत्वहरूमध्ये लिङ्ग, वचन, पुरुष, कालमा विद्यार्थीहरू उत्कृष्ट रहेको भाव, पक्ष, ध्रुवीयता र आदरमा मध्यम रहेको र वाच्यमा विद्यार्थीहरू कमजोर रहेको पाइयो । त्यसैगरी सामुदायिक विद्यालयका विद्यार्थीको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीको, छात्रको तुलनामा छात्राको र नेपाली दोस्रोभाषी विद्यार्थीको तुलनामा नेपाली पहिलो भाषी विद्यार्थीको वाक्यगठन क्षमता राम्रो रहेको पाइयो । प्रस्तुत अध्ययनले कक्षा सातमा अध्यनरत विद्यार्थीहरूलाई मात्र नभई शिक्षक, प्रशिक्षक, पाठ्यपुस्तक निर्माता, पाठ्यक्रम निर्माता, विषय विशेषज्ञ आदिलाई वाक्यगठनमा आवश्यक ध्यान दिई सतर्कता गराउने अपेक्षा गरिएको छ । साथै वाक्यगठन, वाक्यरचनाका क्षेत्रमा अध्ययन गर्न चाहने शोधार्थीका लागि प्रस्तुत अध्ययन उपयोगी हुने देखिन्छ ।

# विषयसूची

पृष्ठ

## अध्याय एक

## शोधपरिचय


अध्ययनको पृष्ठभूमि १

समस्याकथन २

शोधकार्यको उद्देश्य ३

अध्ययनको औचित्य ३

शोधकार्यको परिसीमा ४

अध्ययनको रूपरेखा ५


## अध्याय दुई

## पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा


पूर्वकार्यको पुनरावलोकन ६

पूर्वकार्य पुनरावलोकनको उपादेयता १२

सैद्धान्तिक अवधारणा १२

वाक्यको परिचय १२

वाक्यका प्रकार १४

वाक्यगठनका पक्षहरू १९

वाक्यगठन शिक्षणको आवश्यकता ३०

निष्कर्ष ३१


## अध्याय तीन

## अध्ययन विधि र प्रक्रिया


जनसङ्ख्या ३३

नमुना छनोट प्रक्रिया ३४

तथ्याङ्क सङ्कलनका स्रोतहरू ३४

(क) प्राथमिक स्रोत ३४

(ख) द्वितीयक स्रोत ३५

सामग्री निर्माण ३५

पूर्वपरीक्षण ३५

तथ्याङ्क सङ्कलन पद्धति ३६

व्याख्या-विश्लेषण र प्रस्तुतीकरण ३६

## अध्याय चार

## व्याख्या तथा विश्लेषण

वाक्यगठन क्षमताको विश्लेषण ३९

समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमता ३९

लिङ्गगत क्षमता ४२

वचनगत क्षमता ४४

पुरुषगत क्षमता ४६

कालगत क्षमता ४८

पक्षगत क्षमता ४९

भावगत क्षमता ५१

आदरगत क्षमता ५३

वाच्यगत क्षमता ५५

ध्रुवीयतागत क्षमता ५७

निर्देशित र स्वतन्त्र लेखनका आधारमा वाक्यगठन क्षमता ५९

विद्यालय प्रकृतिका आधारमा वाक्यगठन क्षमता ६२

लैङ्गिक आधारमा वाक्यगठन क्षमता ६२

भाषिक पृष्ठभूमिका आधारमा वाक्यगठन क्षमता ६५

## अध्याय पाँच

## निष्कर्ष र उपयोगिता

निष्कर्ष ६९

उपयोगिता ७२

**सन्दर्भ सामग्रीसूची** ७५

**परिशिष्ट**

**व्यक्तिवृत्त**